"स्वच्छ, सुन्दर र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

फोन नं.:- ०४६५०११००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

प.सं.: २०८२/०८३
च.नं.: १४४५

मिति : २०८३/०१/३०

श्री सामुदायिक विद्यालय (सबै),
श्री संस्थागत विद्यालय (सबै),
लालबन्दी नगरपालिका ।

**विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. ८७, मिति २०८३/०१/२९ गते प्राप्त पत्र बमोजिम "नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/१२/२२ गतेको निर्णयबमोजिम शैक्षिक सत्र २०८३ मा शैक्षिक संस्थाहरूमा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३/०१/२८ गतेको निर्णयानुसार शैक्षिक संस्थाहरूले पठनपाठनमा स्वीकृत पाठ्यक्रमले तोकेअनुसारको कार्यघण्टालाई निम्नअनुसार मिलाई कार्यान्वयन गर्नु गराउनुहुन" भनि लेखिआएकोले यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूले तपसिलमा उल्लेखित बुँदा पुर्णरूपमा कार्यान्वयन गर्नु/गराउनु भई सोको कार्ययोजना यस कार्यालयको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्नु हुन अनुरोध छ।

**तपसिल :**

(१) प्रत्येक दिन प्रार्थना समय १५ मिनेट र खाजा समय ३० मिनेट व्यवस्थापन गर्ने।

(२) सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने।

(३) हिउँदे/ बर्से बिदा अबधि साबिकको ४५ दिनलाई ३० दिन कायम गर्ने।

(४) पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्याङ्कनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा असर नपर्ने दिनमा गर्ने गरी व्यवस्थापन गर्न सकिने। अन्तिम परीक्षा तथा नतिजा प्रकाशनका लागि शैक्षिक सत्रको अन्तिमका १२ दिनलाई उपयोग गर्न सकिने।

(५) स्वीकृत पाठ्यक्रम एवम् निर्धारण गरिएका सिकाइ उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न सासाहिक रूपमा समुदाय एवम् परिवारका क्रियाकलाप, सन्दर्भ सामग्री तथा सूचना प्रविधिको उपयोगसँग सम्बन्धित बहुविषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य शुक्रबार दिने र आवश्यकताअनुसार प्रस्तुति गर्ने अवसर प्रदान गर्ने।

(६) परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा रहेको परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका, २०८२ बाट समेत सहयोग लिन सकिने। यसका लागि स्थानीय तह, विद्यालय र शिक्षकले स्वीकृत पाठ्यक्रमको विषयक्षेत्र समेटी परियोजना कार्य निर्माण गरी कार्यान्वयन गर्न सक्ने।

२०८३/०१/३०
लक्ष्मी सिवाकोटी
शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख